## भाग २

# अर्थ करेन्सी एक्सचेञ्जविभागको सूचना

सदर टक्सराबाट डिपार्टमेन्ट अफ् सेण्ट्रल पर्चेजमार्फत देश विदेशबाट माल सामान झिकाउँदा देहायबमोजिम गर्ने भनी श्रीशाही परामर्शदाताबाट आदेश भएको हुनाले सम्बन्धित विभाग अड्डाहरूलाई ज्ञात होस् भनी यो सूचना प्रकाश गरिन्छ ।

(१) साखपत्र, बैना, आएड्भान्स इत्यादिको लागि डि. से. प. लाई दाम बुझाई सकेपछि उचित्त समयभित्र माल आई नपुगेमा नोक्सानी भएको नै सम्झनु पर्ने र अनिश्चित समयसम्म माललाई पर्खीरहन मनासिब नभएकोले अडर दिएको मालको साखपत्र, बैना इत्यादि दिंदा कम्पनीको माल छुटाउने सर्तहरू र माल आई पुग्नलाई लाग्ने समय निश्चित गरीकन मात्र यतिसम्म भित्र माल आईपुग्नुपर्छ भन्ने भिराट माष्टरले डि. से. प. लाई यकीन समयको किटान गरी दाम बुझाई दिने ।

(२) यसमा कुनै उचित्त कारणवश माल आउन ढीला भएमा दिएको यकीन समयको म्यादको ५०% डि. से. प. को डाइरेक्टरले म्याद बढाइ सदर टक्सारलाई सूचना दिने ।

(३) त्यो म्याद दिएको समयभन्दा बढी समय लाग्ने भएमा भिराट माष्टरले डि. से. प. बाट सबै बेहोरा बुझी मनासिब कारणबाट ढीला हुन गएमा पहिलेकै म्यादको समय फेरी थप म्याद दिने सो म्यादभित्र पनि माल दाखिल नभएमा तल दिएका ५ दफा बमोजिम गर्ने ।

(४) डि. से. प. लाई विदेशबाट माल सामान झिकाउनलाई गएको दाम उपरोक्त लेखिएको बमोजिम स्याहामा खर्च लेखिएकै दिन कुन कुन समयमा कुन कुन माल सामान आइपुग्नु पर्ने सोसमेत स्पष्ट देखिने गरी झिकाएको (तर) आइ नपुगेकोले मालको लगत खडा गरी कुमारीचोकमा महीनैपिच्छे पठाउने र आए जतिको मालको लगत कट्टा गरी छुट्टै किताबमा लगत चढाउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) झिकाएको माल सामानहरूको लगत कुमारीचोकले जाँची उपरोक्त लेखिएबमोजिम ठीक समयमा अख्तियारीबमोजिम म्याद दिइसके पछि पनि नआएमा जुन कर्मचारीको गफलतबाट झिकाएको माल सामान तोकिएको समयमा टकसार दाखिल नभएको सो सरोकारवाला कर्मचारीसंग सरकारको हानि नोकसानी हुन नपाउने गर्न सरकारी दाम तोकिएका समयभित्र माल झिका उनलाई कौसी वा कुनै सरोकारवाला विभागसंग दाम लिई माल दिन नसके कोमा जो गर्नु पर्छ सोहीबमोजिम गरी सरकारको हानि नोकसानी हुन नदिने गर्नू.

(६) माल झिकाउँदा भारा भरौट बैंक कमिशन, मालको माल टकसार विभागले सोझै दिने नभई डि. से. प. मार्फत दिने भएकोले सो हिसाब जाँच्दा डि. से. प. ले दिएको कम्पनीको बिल, कोटेशन कागजपत्रबमोजिम आमदानी खर्च भएको ठीक छ छैन जाँच्ने. सो जाँच्न जुन जुन कलममा स्पष्टीकरण चाहिने त्यसको निमित्त जो चाहिने कागजपत्र सरोकारवाला सरकारी विभागबाट झिकाई जाँची गफलत पत्ता लागेमा मिगट लगायत जुन जुन विभागका जुन जुन कर्मचारीले जवाफदेही हुनु पर्ने सो कर्मचारीसंग सरकारी हानि नोकसानी हुन नदिनको निमित्त जो गर्नु पर्ने कार्रवाई गर्नू.

(७) उपरोक्त सवालमा कुनै थप घट अदल बदल गर्दा सरकारको फाइदा हुने देखिएमा सरोकारवाला विभागहरूले यस करेन्सी एण्ड एक्सचेन्ज अर्थविभागमा लेखी पठाउनू ।

चूडानन्द,
डिपुटी सेक्रेटरी,
अर्थविभाग.

गोरखापत्र छापखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।